# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रावतकट्टे, डोटी

## नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) उत्खनन् , संकलन तथा बिक्री सम्बन्धी शिलवन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६/०६/१५**

जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय वमोजिम आ.व. २०७६/०७७ को लागि यस कार्यालयले निर्धारण गरेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी जोरायल गाउँपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका स्थानहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक नेपाली फर्म, संस्था वा कम्पनीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलवन्दी वोलपत्र आव्हान गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | ठेक्का विवरण | अधिकतम परिमाण (घनमिटर) | न्यूनतम अंक (मु.अ.क.बाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|
| Kh/१/०७६/०७७ | जोरायल गाउँपालिका वडा नं. २ कमला खोला क्षेत्र | १८५३९.८ घन मिटर | १३,९०,४८५। (तेह्र लाख नब्बे हजार चार सय पैचासी रुपैयाँ) | ३,०००/- (तिन हजार मात्र) | कवोल अंकको ५ (पाँच) प्रतिशत | ३० दिन भित्र |
| Kh/२/०७६/०७७ | जोरायल गाउँपालिका वडा नं. ६ गावर खोला क्षेत्र | २५१४५.६ घन मिटर | १८,८५,९२०। (अठार लाख पैचासी हजार नौ सय बीस रुपैयाँ) | ३,०००/- (तिन हजार मात्र) | कवोल अंकको ५ (पाँच) प्रतिशत | ३० दिन भित्र |

**बोलपत्र सम्बन्धी शर्तहरुः**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयबाट मात्र खरिद गर्न सकिनेछ । खरिद भएको वोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्ट संग भरी फर्म, संस्था वा कम्पनीहरुले प्रत्येक पानामा सही छाप गरी सूचना प्रकाशन भएको मितिले ३१ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा मात्र दर्ता गर्नु पर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २.०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

३. बोलपत्र फाराम खरिद गर्दा निवेदन सहित यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक, जोरायल शाखाको संचित कोष खाता नं.०८२७१०१३४६८३६०२५ मा वोलपत्र फारम दस्तुर जम्मा गरेको सक्कल भौचर, फर्म, संस्था वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर/मु.अ.करको प्रमाण पत्र तथा आ.व. ०७५/०७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फारम भरी पेश गर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको कम्तिमा ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक, जोरायल शाखाको धरौटी खाता नं. .०८२७१०१३४६८३६०५१ मा बोलपत्रदाताको नामबाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० (एक सय बीस) दिन म्याद भएको जमानी पत्र (बीड वण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ । कवोल गरेको रकम अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

५. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन, तथा बोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र बोलपत्रदाताको नाम ठेगाना, सम्पर्क नम्वर स्पष्ट लेख्नुपर्नेछ ।

७. ढुंङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन तथा बिक्री सम्बन्धमा केन्द्रीय अनुगमन समिति, प्रदेश स्तरीय अनुगमन समिति, जिल्ला अनुगमन समिति एवं पालिकास्तरीय अनुगमन समितिबाट निर्देशन भए वमोजिम हुनेछ ।

८. ढुंङ्गा, गिटी, बालुवाको उत्खनन्, संकलन तथा बिक्री कार्य गर्दा जिल्ला समन्वय समितिको कार्यालय डोटीबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पुर्ण रुपमा पालना गर्नुपर्नेछ ।

९. ठेक्का स्वीकृत भएको ७ दिन भित्र कबुल अंकको रकम एकमुष्ट बुझाउन सकिनेछ । एकमुष्ठ रकम नबुझाएमा प्रथम किस्ता ४० प्रतिशत रकम, एकमुष्ट ठेक्का सम्झौता अगावै जम्मा गर्नु पर्नेछ । बाँकी ६० प्रतिशतले हुने रकमको लागि २०७६/०७७ को आषाढ मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का संझौता गरिनेछ र किस्ता रकम ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

१०. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असूल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ । असूल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असूल उपर गर्न सकिनेछ ।

११. यस सूचनामा उल्लेख नभएका विषयहरु जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन, नियम वमोजिम हुनेछ ।

१२. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**